☏ कार्यालय प्रमुख :९८५७०८७६९९
☏ सुचना अधिकारी :९७६६६३७८८७

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय,कपिलवस्तु (गौतमबुद्ध)
## चन्द्रौटा,कपिलवस्तु

**दोश्रो पटक प्रकाशित मिति: २०८२।०७।२७**

यस डिभिजन वन कार्यालय अन्तरगत शिवराज साझेदारी वनबाट स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व.०८१।०८२ मा उत्पादन भई डिभिजन वन कार्यालयको भागमा परेका तपशिल अनुसार विभिन्न लट कायम गरिएका काठ र दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्र प्रकृया गराई लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। वन पैदावारमा आधारित ईच्छुक उद्योग, फर्म वा कम्पनीले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकमा मिति २०८२।०७।२७ गते दोश्रो पटक प्रकाशन भएको मितिले १५ दिन भित्र वन निर्देशनालय, बुटवल रुपन्देही र यस कार्यालयबाट प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी १६ औं दिन दिनको २:०० बजे भित्रमा देहायको शर्तको अधिनमा रही डिभिजन वन कार्यालय,कपिलवस्तु (गौतमबुद्ध) मा शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ ।

**<u>तपशिल</u>**

| लट नं. | जात | ग्रेड | थान | परिमाण(क्य.फि) | न्युनतम मुल्य रु | संकलन खर्च रु | धांक |
|---|---|---|---|---|---|---|---|
| ८/०८२/०८२ | साल | A | ७ | १२९.८२ | १६२२७५ | १०२४०५ | ४ (FT) र २९ (RF) (०८१।०८२) |
| | साल | B | २५ | २४६.५४ | २२१८८६ | | |
| | साल | C | ४६ | १८६.०२ | १११६१२ | | |
| | साल | D | १६ | २२.२७ | ६६८१ | | |
| | **जम्मा** | | **९४** | **५८४.६५** | **५०२४५४** | | |
| १२/०८२/०८२ | साल | A | ६ | १००.९९ | १२६२३७.५ | १०६९०५ | १९ (RF) (०८१।०८२) |
| | साल | B | १९ | २०७.३८ | १८६६४२ | | |
| | साल | C | ६५ | २८२.२६ | १६९३५६ | | |
| | साल | D | १० | १९.७१ | ५९१३ | | |
| | **जम्मा** | | **१००** | **६१०.३४** | **४८८१४८.५** | | |
| १३/०८२/०८२ | साल | A | ७ | १३६.९१ | १७११३७.५ | ९२५६० | १६ (RF) (०८१।०८२) |
| | साल | B | ११ | ११९.९५ | १०७९५५ | | |
| | साल | C | ६४ | २४४.४ | १४६६४० | | |
| | साल | D | २२ | २७.१९ | ८१५७ | | |
| | **जम्मा** | | **१०४** | **५२८.४५** | **४३३८८९.५** | | |
| १४/०८२/०८२ | साल | A | ८ | १५७.२५ | १९६५६२.५ | १५६५५० | ३ र १५ (RF) (०८१।०८२) |
| | साल | B | १९ | २३१.४६ | २०८३१४ | | |
| | साल | C | ५४ | २०६.९२ | १२४१५२ | | |
| | साल | D | १६ | २१.३६ | ६४०८ | | |
| | भलायो | N | २० | ७१.८९ | ७१८९ | | |
| | कुसुम | N | ७ | ३०.२२ | ३०२२ | | |
| | महुवा | N | ६ | ४२.७५ | ४२७५ | | |
| | प्यार | N | २४ | १२१.५९ | १२१५९ | | |
| | अन्य | N | ४ | १०.३५ | १०३५ | | |
| | **जम्मा** | | **१५८** | **८९३.७९** | **५६३११६.५** | | |
| १५/०८२/०८२ | साल | A | २ | २६.८१ | ३३५१२.५ | १०३२४० | १४ (RF) (०८१।०८२) |
| | साल | B | २२ | २०७.०१ | १८६३०९ | | |
| | साल | C | ५८ | ३३८.१ | २०२८६० | | |
| | साल | D | १५ | १७.४९ | ५२४७ | | |

☏ कार्यालय प्रमुख :९८५७०८७६९९
☏ सुचना अधिकारी :९७६६६३७८८७

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय,कपिलवस्तु (गौतमबुद्ध)

## चन्द्रौटा,कपिलवस्तु

| लट नं. | जात | ग्रेड | थान | परिमाण(क्य.फि) | न्युनतम मुल्य रु | संकलन खर्च रु | धांक |
|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | **९७** | **५८९.४१** | **४२७९२८.५** | | |
| | साल | B | १६ | १४७.७२ | १३२९४८ | | |
| | साल | C | ६६ | ३०३.८६ | १८२३१६ | | |
| | साल | D | १० | १७.७५ | ५३२५ | | |
| | **जम्मा** | | **९९** | **६३६.०८** | **५२९०२६.५** | | |
| | साल | A | ८ | १४८.१५ | १८५१८७.५ | | |
| | साल | B | १३ | ११४.६३ | १०३१६७ | | |
| १८/०८२/०८२ | साल | C | ५४ | २६१.३८ | १५६८२८ | ९७४१५ | १ (FT) (०८१।०८२) |
| | साल | D | २० | ३२.०१ | ९६०३ | | |
| | **जम्मा** | | **९५** | **५५६.१७** | **४५४७८५.५** | | |
| | साल | A | ३ | ५४.४३ | ६८०३७.५ | | |
| | साल | B | १२ | १४५.९८ | १३१३८२ | | |
| | साल | C | ६० | २२८.५४ | १३७१२४ | | |
| | साल | D | २७ | ३६.२१ | १०८६३ | | |
| | अस्ना | C | ३ | ६.५७ | ६५७ | | |
| | भलायो | N | ४ | १४.२४ | १४२४ | | |
| १९/०८२/०८२ | दबदबे | N | ४ | १९.५७ | १९५७ | ९९७९५ | १० र १७ (RF) (०८१।०८२) |
| | प्यार | N | १२ | ३८.१८ | ३८१८ | | |
| | अन्य | N | ९ | २६.०४ | २६०४ | | |
| | **जम्मा** | | **१३४** | **५६९.७६** | **३५७८६६.५** | | |
| | साल मिश्रित दाउरा (चट्टा) | | | ६.०० | ४८००० | | |
| | अन्य दाउरा (चट्टा) | | | ०.५ | २०००० | | |
| | **जम्मा** | | | **२३.००** | **२४६०००** | | |

*नोट :- FT :- ढलापडा संकलन , RF :- पुनरुत्पादन कटान*

**शर्तहरु :**

१) बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक सूचना प्रकाशन भएको मिति २०८२।०७।२७ ले १५ (पन्ध्र) दिन भित्रमा यस कार्यालय र वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल रुपनदेहीबाट कार्यालय समय भित्र तोकिएको मूल्य (फिर्ता नहुने गरी डिभिजन वन कार्यालयको नाममा नेपाल बैंक लि., चन्द्रौटा, कपिलवस्तु खाता हि.नं. २७४०२००००१००१००००१, राजश्व शिर्षक नं. १४२६४, कार्यालय कोड नं. ३२९०१४९०२५ मा जम्मा गरी सो को सक्कल भौचर पेश गरी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरीद गर्न वन पैदावारमा आधारित ईच्छुक उद्योग, फर्म वा कम्पनी का प्रोप्राईटरले बोलपत्र खरीद गर्न माग गरेको निवेदनको साथमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र डिभिजन बन कार्यालयमा उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि र अधावधिक गरेको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।बोलपत्र खरिद गर्न सम्बन्धित प्रोप्राईटर स्वयम्
उपस्थित हुन नसकेमा निजले अख्तियारनामा दिएको प्रतिनिधिले नागरिकताको प्रतिलिपि सहित बोलपत्र खरिद तथा दाखिला गर्न सक्नेछ।

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति :- २०८२।०८।११ गते कार्यालय समय भित्र ।

☏ कार्यालय प्रमुख :९८५७०८७६९९
☏ सुचना अधिकारी :९७६६६३७८८७

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

**डिभिजन वन कार्यालय,कपिलवस्तु (गौतमबुद्ध)**
**चन्द्रौटा,कपिलवस्तु**

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र स्थान :- २०८२।०७।१८ गते दिनको २.०० बजे भित्र डिभिजन वन कार्यालय,कपिलवस्तु (गौतमबुद्ध),चन्द्रौटा, कपिलवस्तु।

२) बोलपत्र विकि गर्ने, दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिनमा विदा परेमा सो को भोलिपल्ट विक्रि, दाखिला र खोल्ने कार्य हुनेछ ।

३) बोलपत्र फारमा उल्लेख भएका जातका काठ दाउराको सकार रकम उल्लेख गर्दा प्रत्येक जातको काठको ग्रेड उल्लेख भएका जातको हकमा ग्रेड अनुसारको र दाउराको लागि अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने र वेग्लाबेग्लै लटको लागि बेग्लाबेग्लै बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ। बोलपत्र पेश गरेको खाममा लट नं.,बोलपत्र क्र.सं.नं., बोलपत्रदाताको नाम र फोन नं. तथा आ.व.अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। उल्लेख नगरेमा त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

४) जसको नाममा बिकि भएको बोलपत्र फाराम हो, उसैको नामबाट दाखिला गर्नुपर्नेछ ।

५) बोलपत्रको साथमा कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, प्रदेश लेखा नियन्त्रकको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, तौलिहवामा रहेको एकल धरौटी खाता हि.नं. ३११०१००२०२०३००००, कार्यालय कोड नं. ३२९०१४९०२५ मा जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको सक्कल बैंक ग्यारेन्टी वा बैंक ड्राफ्ट समावेश हुनु पर्नेछ।

६) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७) बोलपत्रमा र सो सम्बन्धी कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाप भई नआएमा सो बोलपत्र अमान्य हुनेछ ।

८) पेश भएका बोलपत्रहरु सबै संकलन भए पश्चात नियमानुसार प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।बोलपत्र खोल्ने सम्बन्धीको सूचना यस कार्यालयले पछि सूचना प्रकाशन गर्नेछ।

९) लिलाम सदर भएको जानकारी प्राप्त भए पश्चात नियमानुसार कवोल रकम, काठ/दाउराको संकलन खर्च, मु अ.कर लगायत नियमानुसार लाग्ने रकम बुझाई लिलाम सकार गरेको वन पैदावार उठाई लैजानुपर्ने छ ।तोकिएको अवधि भित्र पहिलो सकारकर्ताले सकार गरेको वन पैदावार उठाई नलगेमा धरौटी जफत गरि नियमानुसार दोश्रो वा तेश्रो सकारकर्ताको बोलपत्र सदर गरिनेछ।

१०) सम्बन्धित कार्यालयहरुबाट विकि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

११) म्याद नाघि वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१२) बोलपत्र सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन् भएमा बोलपत्र अमान्य हुनेछ ।

१३) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१४) उपर्युक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ ।

१५) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिकि कार्यविधि निर्देशिका अनुसार हुनेछ।

इंतिसम्बत् २०८२ साल कार्तिक महिना २८ गते रोज ६ मा शुभम् ।